# भावार्थ कुञ्ज

श्रीमद्भागवत

द्वितीय स्कन्ध

प्रकाशक—
इन्दिरा देवी कमल पोखरी।

कवि प्रसाद गौतम

इ पु ६२ ३६१६

# भावार्थ कुञ्ज

श्री मद्भागवत्

द्वितीय स्कन्ध

को

मात्र

प्रकाशक- इन्दिरा देवी कमल पोखरी ।
२०१४ मार्ग

प्रथम १००० ] [ मूल्य ।५०

# परिचय—

अवतरणिकाको रुपमा छैटौं दिन सम्मको ६ पुस्तक मुद्रण भै सकेका छन्। आज यो प्रस्तुत द्वितीयस्कन्ध चाहिं नवीन रूपवाट प्रकाश हुन आएको छ यसबाट भावुकहरूले यथेष्ठ लाभ उठांउन सक्ने छन्। न यो अवतरणिका हो, न शब्दार्थ नै। यसैले यसको नाम 'भावार्थ कुञ्ज' रह्यो। यसमा कुनै पारमार्थिक भावलाई उम्कन दिइएको छैन।

आशाछ— अव यो स्कन्ध स्कन्धको अलग अलग निस्कला। सातौं दिनको अवतरणिका अव निस्कदैंन, यै रूपको 'भावार्थ कुञ्ज' नाम लिएर प्रकाश हुनेछ। दशमस्कन्ध पूर्वार्ध उत्तरार्ध २ भागमा अवतरणिका प्रकाश भै सकेकाछन् ता पनि त्यसमा परिवर्तनता गर्न पर्ने देखिदैन ती दुईलाई भावार्थ कुञ्ज नै संझे हुन्छ।

श्री पू० दाज्यू कविप्रसाद गौतमवाट रचना भए पछि एक दिन भक्तप्रवरा इन्दिरा देवीजीको कीर्तन भवनमा पनि यो 'भावार्थ कुञ्ज' श्रवण गराइयो औ त्यहिवेला प्रभावित भै वहांले भन्नुभो— "यो पुस्तक म प्रकाश गराउँदछु।"

यसप्रकार यो भावार्थ कुञ्ज प्रकाश भएको छ भक्तहरुले यसलाई मनन गरी भगवद् महिमा याद गर्दै दुस्तर भवसागर वाट पार हुन्। भगवान् सँग मेरो यही प्रार्थना छ।

कोमल प्रसाद गौतम

श्रीहरिः शरणम्

# भावार्थ-कुञ्ज

## श्री मद्भागवत–द्वितीय स्कन्ध

### पहिलो अध्याय

शुकदेव भन्दछन्– ब्रह्मज्ञानीले आदर गरिने लोक उद्धारक तिम्रो प्रश्न मानवले सुन्ने सम्झने कीर्तन गरिने जति कुरा छ त्यसमा श्रेष्ठ हो। जसको सारा रात निद्रा एवं स्त्रीप्रसङ्गले र दिन धनको हाय हायले समाप्त हुन्छ। जसका चित्तमा सम्बन्धिहरू मृत्युको गाँस भैरहेका प्रत्यक्ष देखेर पनि स्वरूपको ज्ञान उदाएन त्यस्ता घर गृहस्थको उलझनमा पर्नेको निंति त सुन्ने हेर्ने, सोच्ने, बक्ने कुरा संसारमा लाखौं छन्। ज्ञान भक्ति एवं धर्मको निष्ठाले पनि मृत्युको वेला भगवान्को स्मृति भएन भने जन्म लिएकै के लाभ भो? विधि निषेधको मर्यादालाई नाघ्ने एवं निगुण स्वरूपमा स्थित मुनिहरू त प्रभुको गुण गान नगरी रहँन सक्तैनन फेरि साधारण भएर पनि जो अभय पदको चाहना गर्ने छन् तिनले सर्वतोभावेन श्री कृष्णचन्द्रको भजन नगरे के गरुन्? राजन्! मेरो निगुण प्रभुमैं निष्ठा थियो किन्तु जब द्वापरको अन्तमा पिताजीले

भागवत पढाइदिनुभो त्यसपछि मलाई कृष्णचन्द्रको लीलाले आकर्षित गरेको हो। तिमी सरल भक्त हुनु औ श्रद्धालुको चित्त नै अनन्य हुन सक्ने हुनाले त्यही भागवत म तिमीलाई सुनाउँदछु। निर्भय पदको चाहना यदि पक्का हो भने चाहे सामान्य साधक हुन् चाहे योग सम्पन्न ज्ञानी तिनले भगवन्नाममा सङ्कीर्तन कै ओत लिनु पर्दछ नत्र लोक परलोकको प्रतिष्ठा एवं वस्तु देखि विरक्त भएको कसरी भन्नु ? यो समस्त शास्त्रको निचोड निर्णय हो। प्रमत्त अर्थात् आत्म समर्पण विनाको लम्बे आयु भन्दा स्मृतिले गएको दुईघडि कहीं लाभकारी छ। यो कुरा खट्वाङ्गको दुवै लोकको आशा त्यागेर शरण परेबाट अनुभव गरे हुन्छ। तिम्रो सात दिन बाँकि छ राजन ! यसै बीचमा आफ्नो कल्याणको निंति चेष्टा गरिहाल। विवेकीको कर्तव्य हो मर्नु अगाडि शरीर र त्यो सँग सम्बन्ध राख्ने प्रति रहेको ममतालाई वैराग्य रूपी शस्त्र द्वारा काटी पवित्र वातावरणको आश्रय-लिनु औ यो प्रकार योगाभ्यास गर्नु। प्रथम प्राण वायु एवं मनलाई दमन गर्दै प्रणवादि तीन मात्रा युक्त नाम जप द्वारा प्रभुविग्रहका एक अंगको र चञ्चल यदि भए कर्म वासना अर्थात रजोगुणले विक्षिप्त र तमोगुणले मूढ बनेको मनलाई धैर्यको साथ बुद्धि द्वारा फर्काई समस्त अंगमा तल्लीन गर्नु। यसरी धारणा सिद्ध नभै योगी हुन र आश्रय नाम भगवान्को दर्शन नभै भक्तियोग प्राप्त भयो कसरी भन्नु ? राजा सोद्धछन—कुन साधनले कुन वस्तुमा कुन प्रकार धारणा गरिन्छ ? त्यसको के स्वरूप हो ? जसद्वारा चाँडो चित्तको मल मिटोस्।" शुकले भने—"आसन, इन्द्रिय, श्वास,

मान प्रतिष्ठाको आसक्ति प्रति विजय पाए पछि बुद्धि द्वारा मनलाई भगवान्‌को स्थूलरूपमा लगाउँनु जसमा यो कार्यरूप विश्व जहिले देखि छ; जहाँसम्म रहन्छ सबका सब देखिई रहेछ। जल, अग्नि, वायु, आकाश, अहंकार, महत्तत्व, एवं प्रकृति यी सात आवरणले घेरिएको यो ब्रह्माण्ड शरीरमा जो विराट् पुरुष हुनुहुन्छ बहाँनै धारणाको आश्रय र तत्व-ज्ञहरू वहाँकै धारणा औ यो प्रकार बयान पनि गर्दछन। पाताल वहाँका पाद तल हुन्। कुर्कुच्चा र पञ्जाहरू रसातल, हो। दुइ गुल्फ औ गोली गाँठाहरू महातल, पिडौंला तलातल घुँडा सुतल, जाँघहरू वितल अतल, जघन महीतल र नाभि-रूप सरोवर नै आकाश हो। छाती स्वर्गलोक, गला महर्लोक, मुख जनलोक, ललाट तपोलोक, मस्तक समूह नै सत्यलोक हो। देवता भुजाहरू, दिशा कानहरू एवं शब्द श्रवणेन्द्रिय हुन्। अश्विनीकुमार नासिकाछिद्रहरू, गन्ध घ्राणेन्द्रिय हो। बल्दो आगो वहाँको मुख र नेत्र अन्तरिक्ष हो। देख्ने शक्ति सूर्य र दुइ परेला दिन रात हुन्। भ्रू विलास ब्रह्मलोक र तालु जल एवं जिभ्रो रस हो। वेदहरू ब्रह्मरन्ध्र र यमराज दाह्रा हुन्। सब प्रकारको स्नेह नै दाँत र जगन्मोहिनी माया वहाँको मुस्क्यान हो। अनन्त सृष्टि उनै मायाको कटाक्ष-विक्षेप हो। लज्जा माथिल्लो र लोभ तल्लो ओठ हो धर्म स्तन र अधर्म पीठ हो। प्रजापति मूत्रेन्द्रिय र मित्रावरूण अण्डकोश हुन्। समुद्र कोखा, पर्वत हड्डी हुन्। नाडि नदी, वृक्षरुँ, वायु श्वास र काल वहाँको चाल हो। गुणहरूको चक्कर चलाई रहनु कर्म र बादल वहाँको केश हो। सन्ध्यालाई वस्त्र, अव्यक्त अर्थात् मूल प्रकृतिलाई वहाँको हृदय भन्दछन्। समस्त विकारको

खजाना मन चन्द्रमा र महतत्व वहाँको चित्त हो । रूद्र अहंकार र घोड़ा खच्चर, ऊँट, औ हात्ती वहाँका नङ हुन् । पशुहरू कटि प्रदेशमा र पन्क्षीहरू वहाँको अद्भुत रचना कौशल हुन् । स्वायम्भुव मनु बुद्धि र उनका सन्तान मनुष्य निवासस्थान हुन् । गन्धर्व, विद्याधर, चारण, एवं अप्सराहरू वहाँका षड्गआदि स्वरहरूको स्मृति र दैत्यहरू वीर्य हुन् । ब्राह्मण मुख, क्षत्री हात, वैश्य जांघ, शूद्र चरण हुन् । विविध देवताको नाम द्वारा जो ठूलो द्रव्यमय यज्ञ गरिन्छ त्यो वहाँको कर्म हो । परीक्षित् ! यो विराट देखि भिन्न कुनै वस्तु नहुनाले मुमुक्षुहरूले यहि स्वरूपमा मन स्थिर गर्नु पर्दछ । स्वप्ना देख्ने पुरुषले आफूलाई विविध पदार्थको रूपमा देखेझैं समस्तको बुद्धि वृत्तिहरू द्वारा सबकुछ अनुभव गर्ने सर्वान्तर्यामी प्रभु पनि एक देखि दोस्रो हैन जो आफूलाई सत्य स्वरूप आनन्द निधिदेखि अलग मान्दै देह एवं पदार्थहरूमा आसक्ति बढाउँदै वहाँको भजन गर्दैन त्यो अध पतन हुन्छ भनेर शुकले भजनको रूप एवं तरिका बताए भन्ने कुरा यस अध्यायमा वर्णन हुन्छ ।

## दोस्रो अध्याय

सृष्टिको आरम्भमा यहि प्रकारको चित्त अनन्य गराए द्वारा प्रसन्न हुने भगवान्बाट ब्रह्माले सृष्टि विषयक स्मृति प्राप्त गरेका हुन् । जो पहिलेको प्रलय कालमा लुप्त भएको थियो । वेदहरूको वर्णन शैलि यस्तो छ कि सुन्नासाथ मानिसको बुद्धि स्वर्गादि निरर्थक नामहरूको फेरमा फँसि हाल्दछ किन्तु वहाँ स्वप्न देख्नुझैं चक्कर खानु सिवाय मायामय

लोकमा सच्चा सुख कहाँ ? नाशवान् पदार्थ प्रारब्धवश त्यसै प्राप्त हुन्छन् तब त्यसको निति परिश्रम उठाउनु किन ? नामवाला पदार्थको त्यत्ति नै व्यवहार गरोस् जतिले जीवन निर्वाह हुन्छ जमीनमा सुते काम चल्छ भने पलंग किन ? प्रभुले दिएका हात छँदै तकिया के काम ? अञ्जलिले प्रयोजन सिद्ध हुन्छ तब धेरै वर्तन किन थुपऱ्याएको ? रूखका पत्ता, पथका चिथड़ा अथवा नाङ्गै रहेर पनि भजन वन्दछ भने लुगा बटुल्दै हिंड्नु किन ? भोक लागेमा अर्काको निति देह धारण गर्ने वृक्षहरू के फल दिदैनन् ? जलपिउन के नदी सुके ? रहनलाई पहाडको गुफा कसले रोकेकोछ ? शरणागत-लाई प्रभु रक्षा गर्नु हुन्न ? यो स्थितिमा कवि अर्थात् नाम मात्रका विद्वान विना धनको नशामा चूर हुने घमण्डीको प्रशंसा कुन सज्जन गर्ला ? यो प्रकारको विवेक नउदाई स्वतः सिद्ध आत्म स्वरूप परम प्रियतम अनन्तज्यूको सेवा गर्न को सक्ला ? यस्तो सच्चा अर्थात् निर्गुण भजन नै जन्म मृत्युको चक्करबाट पार लगाउने हो। संसार रूपी वैतरणीमा गिरेर दुःख भोगेको देखेर पनि भजनलाई अनादर गरी असत् विषय भोगमा आसक्त हुनेहरू पशु हैनन् भने के हुन्।

कुनै सत्वगुणी साधक आफ्नो हृदयाकाशमा भगवान्को प्रादेशमात्र स्वरूपको धारणा गर्नेछन् जसको चरण कमल योगेश्वरहरूका खिलेका हृदय कमलको कर्णिकामा स्थापित र जसको लीलापूर्ण उन्मुक्तहास्य एवं चित्तवनले शोभायमान भृकुटी प्रेमीउपर अनन्त अनुग्रहको वर्षा गरिरहेछ। जबतक धारणाले मन स्थिर हुंदैन तबतक चिन्तन स्वरूप भगवानलाई हेरिरहने चेष्टा गरिरहँन पर्दछ। चरण देखि मुस्क्यान युक्त

मुख पर्यन्तमा जब एक अङ्गको ध्यान ठीक हुन्छ तब त्यो छाडेर दोस्रो अङ्गको ध्यान गर्नु । जहाँतक बुद्धि वासना रहित बन्दैन त्यहाँतक चित्त स्थिर कसरी हुन सक्ला ? खास गरेर नदेखिने द्रष्टा होइवक्सनाले भगवान्लाई अलग देख्नु भन्दा अनन्य हुनु श्रेष्ठ उपाय हो । साधकले आफ्नो साधनादि कर्महरूको पश्चात् माथिको स्थूल अर्थात् सगुण रूपको नै चिन्तन गर्नुपर्दछ जहाँतक परको प्रभुमा प्रेममय भक्तियोग प्राप्ति हुदैन । योगीलाई मनुष्यलोक छाड्ने इच्छा लागे प्राण इन्द्रियलाई संयम गर्दै देश, काल देखि हटेको मनलाई निर्मल बुद्धिको साथ क्षेत्रज्ञमा र क्षेत्रज्ञलाई अन्तरात्मामा उसलाई परमात्मामा लीन गर्नु पर्दछ । यो स्थितिमा न कुनै कर्तव्य शेष रहन्छन् न गुणमयी प्रकृतिको अस्तित्व । जहाँ नियामक कालको दाल गल्दैन त्यहाँ देवताको कहाँ ? यो हैन, यो हैन, यसरी अनात्म वस्तुलाई त्यागेर हृदय द्वारा परम पूज्य स्वरूपलाई आलिंगन गर्दै अनन्य प्रेमले भक्तहरू जुन स्थितिमा परिपूर्ण रहन्छन् त्यही विष्णुको परम पद हो । ज्ञान दृष्टिको बलले जसका चित्तको वासना समूलै नष्ट भएकोछ त्यस्ता ब्रह्मनिष्ठ योगी चाहिं शरीर छोड्दा पहिले कुर्कुचाले गुद द्वार दबाई प्राणवायुलाई षडचक्र भेदनको रीति सँग माथि-लिएर आउँछन् अर्थात् नाभिचक्र मणिपूरक स्थित वायुलाई हृदय चक्र अनाहतमा, त्यतावाट उदान वायु द्वारा वक्षस्थल माथि विशुद्ध चक्रमा फेरि त्यहाँवाट त्यो वायुलाई सुस्तसंग तालुमूल अर्थात् विशुद्ध चक्रको अग्रभागमा चडाउँदछन् । त्यसपछि आँखा, कान, नासिका एवं मुख यी सातछिद्र रोकेर त्यो वायु आज्ञा चक्रमा पुऱ्याएपछि यदि कुनै लोक जाने

इच्छा न भए आधिघडि त्यही रोकेर स्थिरलक्ष्यको साथ सहस्त्रारमा पुऱ्याई परमात्मामा स्थित हुन्छन् र ब्रह्मरन्ध्र भेदन गरेर शरीर एवं इन्द्रियादिलाई छोडी दिन्छन्।

यदि कुनै योगीलाई ब्रह्मलोक जाने या आठैसिद्धि प्राप्त गरी आकाशचारी सिद्धको साथ विहार गर्ने अथवा ब्रह्माण्डको कुनै प्रदेशमा विचरण गर्ने चाहना भए मन एवं इन्द्रियहरू साथै लिएर शरीरबाट निस्कनु पर्दछ । योगीको शरीर वायुको भाँति सूक्ष्म हुनाले तिनैलोकको बाहिर भित्र स्वच्छन्द रूपले विचरण गर्ने अधिकार तिनलाई प्राप्त हुन्छ जो कर्मकाण्डीलाई छैन।

कुनै योगीहरू ज्योतिर्मय मार्ग सुषुम्णा द्वारा जब ब्रह्मलोक को निति प्रस्थान गर्दछन् तब पहिले ती आकाश मार्ग द्वारा अग्निलोक पुगेर बचे खुचेको मललाई भष्म पार्दै शिशुमार चक्रमा र त्यहाँबाट अत्यन्त सूक्ष्म एवं निर्मल शरीरले कल्प पर्यन्त विहार गरिने महर्लोक पुग्दछन्। जब प्रलयको बेला आउछ तब श्री मान् शेषज्यूको मुखबाट निस्केको आगोले तलका लोकहरू खरानी भएको देख्ने ती योगी ब्रह्मलोक उक्लन्छन् जहाँ कहिले न शोक छ न दुःख। यकाँका सिद्धेश्वर-हरूलाई यदि दुःख छ त एक कुराको छ ती भन्दछन् "हरे! प्रभुदेखि विमुख भएर असंख्य जीवहरू जन्ममृत्यु-मय घोर संकटको फेरमा परिरहेछन् कहिले सन्मुख होलान्।"

सत्यलोकको भोग पुगेपछि योगीहरू आफ्नो सूक्ष्म देहलाई पृथ्वीमा मिलाउँदै सात आवरणलाई भेदन गर्दछन्। पृथ्वीरूप बाट जल, जल रूपबाट अग्निरूप आवरण अनि ज्योति-रूपले वायुरूप आवरण हुँदै समय आएपछि ब्रह्मको अनन्तता

लाई बोध गराई दिने आकाशरूप आवरणमा प्राप्त हुन्छन् । यो प्रकार स्थूल आवरणलाई पार गरिने बेला इन्द्रियहरू पनि आफ्नो सूक्ष्म अधिष्ठानमा लीन हुन्छन् । घ्राणेन्द्रिय गन्ध तन्मात्रामा, रसना रसतन्मात्रामा नेत्र रूप तन्मात्रामा, त्वचा स्पर्श तन्मात्रामा, श्रोत्र शब्द तन्मात्रामा औ कर्मेन्द्रिय आफ्नो क्रियाशक्तिमा मिलेर आफ्नो आफ्नो सूक्ष्म स्वरूपमा प्राप्त हुन्छन् । यसरी पंचभूतहरूको स्थूल आवरण पार गरे उप्रान्त योगीले अहंकारमा जानुपर्दछ । उहाँ सूक्ष्म भूतलाई तामस अहंकारमा, इन्द्रियलाई राजस अहंकारमा तथा मन एवं इन्द्रियका अधिष्ठाता देवतालाई सात्विक अहंकारमा लीन गरेपछि अहंकार सहित लयरूप गति द्वारा महत्तत्वमा प्रवेश गरेर अन्तमा समस्त गुणको लयस्थान प्रकृति रूप आवरणमा गै मिलदछन् । महा प्रलयमा जब प्रकृति रूप आवरणको लय हुन्छ त्यो बेला योगी निरावरण एवं शान्त भएर आनन्द स्वरूप परमात्मामा लीन हुन्छन् । राजन् ! मैले तिमीलाई जो वेदोक्त सद्योमुक्ति एवं क्रममुक्तिको वर्णन गरें त्यो पहिले भक्तिद्वारा खुशी भएर वासुदेवले ब्रह्मालाई बताएको हो । संसार चक्रमा पिनिएका व्यक्तिको निति श्री कृष्णको अनन्य प्रेम अतिरिक्त अर्को कल्याणकारी साधन छैन यो कुरा तीन पटक ब्रह्माले वेदको अनुशीलन गर्दा निर्णय गरेको कुरा हो, सामान्य हैन । प्राणीको आत्मारूपमा भगवान् कृष्ण नै लक्षित हुनहुन्छ किनभने यी सब बुद्धि आदि दृश्य पदार्थ वहाँको अनुमान गराउने लक्षण र कृष्ण नै सबको साक्षी एवं द्रष्टा हुनुहुन्छ । त्यसकारण मनुष्यले हरबेला एवं समस्त स्थितिमा आफ्नो सम्पूर्ण शक्ति द्वारा

छल कपट रहित भएर वहांकै कीर्तन श्रवण गर्नु पर्दछ। कथारस वितरण गर्ने प्रेमीको मुखबाट झरेका अमृतको बूँदलाई जसले दुवैकानमा भरेर पिउँन सकेको छैन त्यसको हृदयबाट विषयरूपी विष निख्रेरै गयो एवं त्यसले कृष्णचन्द्रको सन्निधि पायो कसरी भन्नु ? भनेर शुकले प्रेमको स्वरूप जनाईदिए भन्ने कुरा०

## तेश्रो अध्याय

शुक भन्दछन्– राजन्! 'मर्नेले के गर्नु पर्छ' भन्ने जो तिम्रो प्रश्न थियो मैले उत्तर दिएँ। ब्रह्मतेजका इच्छुकले बृहस्पतिको, इन्द्रियशक्तिको कामना भए इन्द्रको, सन्तानलाई प्रजापतिको, लक्ष्मीको चाहना भए माया देवीको, तेजलाई अग्निको, धनलाई वसुको, वीरतालाई रूद्रको, अन्नलाई अदितीको, स्वर्गलाई देवताको, राज्यलाई विश्वेदेवको, प्रजालाई अनुकूल बनाउँन साध्यको, आयुलाई अश्विनी कुमारको, पुष्टिलाई पृथ्वीको, प्रतिष्ठा प्राप्तिलाई द्यावापृथ्वीको, सौन्दर्यलाई गन्धर्वको, पत्नी प्राप्तिलाई उर्वशीको सवको मालिक बन्न ब्रह्माको यशको निंति यज्ञपुरुषको, खजानालाई वरुणको, विद्याको निंति शंकरको, पतिपत्नीको स्नेहलाई पार्वतीको, धर्म उपार्जनलाई विष्णुको, वंशरक्षालाई पितृको, वाधाबाट बच्न यक्षको, वलियो हुन मरुद्गणको, अभिचारलाई निर्ऋतिको, भोगलाई चन्द्रमाको, निष्काम प्राप्तिलाई नारायणको उपासना गरुन्। तर जो चतुर छन् ती ता सर्वतोभावेन पुरुषोत्तम भगवान्कै तीव्र भक्ति गर्दछन्। जति उपासक तिनको हित यसैमा र जति उपासना छन् तिनको निचोड यही हो– भगवत्

प्रेमीसंग घनिष्ठ र भगवान्मा अचल भाव। संसार सागरका त्रिगुणमयी तरङ्ग मालाको थप्पडबाट बच्ने चाहना भएका भाग्यमानीहरू कैवल्य मोक्षको निति बनेको यो सर्वसमस्त भक्तियोगलाई सम्मानको दृष्टिले किन हेर्दैनथे।

शौनक सोद्धछन्– सूतजी! बाल्यावस्थामा खिलौना खेल्दा श्री कृष्णलीलाको रसलिन सक्ने श्रोता र भगवत् परायण वक्ताको बीच अब के के दीव्यचर्चा भयो? त्यो सुन्न पाऊँ। हेर्नुहवोस्—उदय अस्तको छलले भगवान् सूर्य समस्तको आयु छिन्दै जानुहुन्छ मूर्ख प्राणी कृष्ण कीर्तन विना आफ्नो जीवन स्वाहा भएको जान्दैन। कृष्ण कीर्तन विना बाच्नु मै सुख भए के लोहारको खँलाति साँस लिदैन? खानु र मैथुनमैं सुख हो भने के गाउँका पशुहरू भोकै र सन्तान हीन छन्? जसको कानमा गदका दाजुको कीर्तन पसेन त्यो नरपशु कुत्ता, ग्रामसुकर, ऊँट, गधा भन्दा पनि गए बितेको हो। कृष्णकथा नसुन्ने कान प्वाल र कीर्तन नगर्ने जिभ्रो भ्याउताको समान टर्र टर्र गर्ने हो। कृष्णचरणमा नझुक्ने शिर शिरपेचले युक्तहोस् त्यो भार मात्र र सेवा पूजा नगर्ने हात मूर्दाको हो चाहे त्यो सुनका कंगनले भूषित होस्। प्रभुस्मृति गराईदिने मूर्ति, तीर्थ, भक्तादिको दर्शन नगर्ने आँखा मोरप्वाँखमा बनेका आँखाका चिह्न समान निरर्थक र लीलास्थलिमा यात्रा नगर्ने पैर रूख हुन्। जसले एक पटक पनि भगवद् भक्तको चरण धूलि शिरमा चडाएन औ चरणार्पित तुलसीको सुगन्ध लिएर सराहना गरेन त्यो बाँचेर पनि मूर्दा हो। त्यो हृदय हैन लोहा हो जो मंगलमय हरिनामको श्रवण कीर्तन गर्न पाएर पनि वहाँ प्रति आकर्षित हुँदैन। पग्लेको

लक्षण यसरी पाइन सकिन्छ—जब नेत्रबाट आँसुका धारा झर्नान् औ शरीरमा रोमांच होला। सूतजी! तपाईको वाणी हाम्रो हृदयमा मधुरता भरीदिन्छे—परीक्षित्ले सोधेपछि शुकले के भने? हामीलाई भन्नुहोस्" भने भन्ने कुरा यस०।

## चौथो अध्याय

सूत भन्दछन्— वैयासकीको वचन भगवत्तत्वलाई निश्चय गराईदिने थियो। सुनेर एक क्षणमैं शरीर, पत्नी, महल आदिमा जो प्रबल ममता थियो त्यसलाइ राजाले त्यागी दिएको मात्र हैन धर्म, अर्थ, काम संग सम्बन्ध राख्ने जति कर्महरू हुन तिनलाई संन्यास गर्दै मनलाई कृष्णको चरणमा अनन्य भावले समर्पित गरे। भन्दछन्—मुनिवर! तपाई जति महिमा गाउँदै जानुहुन्छ उति मेरो अज्ञानको पर्दा फाट्दै जाँदो छ। म फेरि यो जान्न चाहन्छु भगवान् कुन कुन शक्तिको आश्रय लिएर आफ्नैलाई खिलौना बनाई खेल्नु हुन्छ? औ कुन प्रकार बाटै बाटमा त्यो मेट्नु हुन्छ? धेरै कर्महरु गर्नु पर्दा पुरुष रूपले प्रकृतिको विभिन्न गुणहरुलाई एकै साथ धारण गर्नुहुन्छ कि अनेक रूप लिएर क्रमशः धारण गर्नुहुन्छ? हुन त यो रहस्यलाई बडे बडे विद्वान पनि संझन सक्तैनन् परन्तु हजुरले वेद पढेको मात्र हैन ब्रह्म तत्वलाई पनि भलि-भाँति जान्नु भएको हुनाले जरुर मेरो सन्देहलाई निवारण गर्नु हुनेछ मैले निश्चय गरेकोछु।" राजाको यो प्रार्थना सुनेपछि भगवान्लाई बारं बार सम्झदै श्री शुकदेव अब आफ्नो प्रवचन आरम्भ गर्दछन्—

जो सृष्टि स्थितिको निति शक्तिहरू स्वीकार गर्ने र प्राणीमा अन्तरयामी रूपले विराजमान छ। जसको स्वरूपमात्र हैन

उपलब्धिको मार्ग पनि बुद्धिको विषय छैन। जो सत्पुरूषको जन्ममृत्यु रूप दुःख मेटेर प्रेम प्रदान गर्ने र दुष्टको सांसारिक वढती रोकेर मुक्ति दिदै पक्षपात रहितको आदर्श देखाउने हो। जो परमहंसहरूले खोजिने र तिनलाई अभीष्ट प्रदान गर्ने हो। भक्ति हीन साधक चाहे तिनले घोर प्रयास गरुन् जसको छाँया पनि छुन सक्तैनन्। जसको समान ऐश्वर्य कसको होला ? अधिकको ता कुरैछैन जो निरन्तर ब्रह्म स्वरूप वृन्दावनमा विहार गर्दछ। जसको श्रवण कीर्तन जीवको मललाई तत्काल नष्ट गर्दछ जसका चरणको शरण लिएर विवेकीहरू हृदयबाट लोक परलोकको आसक्ति निकाल्दछन्। चाहे वडे वडे तपस्वी, दानी, यशस्वी, मनस्वी, सदाचारी एवं मन्त्रवेत्ता किन न हुन् जवतक समस्त साधन. एवं आफ्नो अस्तित्वलाई जसको चरणमा समर्पण गर्न सक्तैनन् तवतक कल्याणको केन्द्रमा ती पुग्न सक्तैनन् आत्म समर्पणको महिमानै श्रस्तो छ। वरु कीरात, हूण, आन्ध्र, पुलिन्द, पुल्कष, आभीर, कङ्क, यवन, खस जाति एवं यी भन्दा पनि पापी किन न हुन् जसका निरभिमान भक्तको शरण परे ती पवित्र हुन्छन्। जो ज्ञानीको आत्मा, भक्तको स्वामी, कर्मकाण्डीको वेदमूर्ति, धार्मिकको धर्ममूर्ति, तपस्वीको तप स्वरूप हो जसलाई ब्रह्मा शंकर आदि निष्कपट सँग चिन्तन गर्दै आश्चर्य चकित हेरिरहन्छन्। जो समस्त सम्पत्तीकी स्वामिनीको स्वामी, यज्ञभोक्ता एवं फलदाता हो। जसले यदुवंशमा जन्मलिएर सन्तको रक्षा गऱ्यो। सन्त पुरुष जसका चरणको चिन्तन रूप समाधि द्वारा शुद्ध बनेको बुद्धिले आत्मतत्व-साक्षात्कार गर्दछन् औ दर्शनको अनन्तर आफ्नो आफ्नो

मति एवं रूचिको अनुसार वयान गर्दछन् । जसले सृष्टिको वेला ब्रह्माको हृदयमा पूर्वकल्पको स्मृति जागरित गर्न ज्ञानकी अधिष्ठात्रीलाई प्रेरित गऱ्यो एव उनी आफ्नो अंग सहित विधिको मुखबाट प्रकट भइन् । त्यस्ता ज्ञानको मूल कारण भगवानलाई मेरो बारम्बार नमस्कार छ । नाथ ! हजुर मेरो हृदयमा प्रकट हुनोस् । हजुर नै पंच महाभूत द्वारा शरीर निर्माण गर्दै यिनमा जीवरूपले शयन गर्न र पाँच ज्ञानेन्द्रिय पाँच कर्मेन्द्रिय पाँच प्राण एक मन यी सोह्र कलाहरूले युक्त भै यी द्वारा सोह्र विषयलाई भोग गर्नुहुन्छ त्यस्ता सर्व भूतमय भगवानले मेरो वाणीलाई आफ्नो गुणले अलंकृत गराइदिनोस् ।

यो मङ्गलाचरणको साथ पिता व्यासको स्मृति गर्दै शुक भन्दछन्—राजन ! ब्रह्माजीले प्रिय नारदको प्रश्न सुनेर यही कुरा भनीदिएका थिए जो स्वयम् भगवान्ले नै उपदेश गरेको हो । त्यही म तिमीलाई भन्दछु सुन भने भन्ने कुरा यस० ।

## पाँचौ अध्याय

" यो संसारको के लक्षण हो ! यसको आधार को छ ? निर्माण कसले गऱ्यो ? प्रलय कहाँ हुन्छ ? कसको अधीन छ ? वास्तवमा यो के हो ? हथेलोको अमला समान यो विश्व भूत भविष्यमा ज्ञाता तपाईका दृष्टिको अन्तरगत नै छ । पिताजी ! तपाईलाई यो ज्ञान को बाट मिल्यो ? तपाई कसको आधारमा हुनुहुन्छ ? तपाईको स्वरूप के हो ? तपाई एक्लैले पंचमहाभूत द्वारा प्राणी सृष्टि गरेको देख्दा मलाई आश्चर्य लागेको छ । जस्तो मकड़ी मुखबाट जाल निकाली खेलदछ ।

जति नाम रूप सत् असत् छन् ती तपाई सिवाय अरूबाट उत्पन्न भएको देखिदैन। यो प्रकार सबको ईश्वर भएर पनि अनन्य भएर तपाई कसको आराधना गर्नुहुन्छ ? मलाई शङ्का लागी रहेछ, के, तपाई भन्दा ठूलो कोही छ ?"

आत्मतत्वको साक्षात्कारलाई नारदजीले यसरी सोधेपछि ब्रह्मा भन्दछन्—पुत्र ! करुणाभाव भरेर जीव उद्धारको लागि यस्तो प्रश्न गरेबाट मैले प्रभुको गुण गाउँन पाएँ, तिमीले मेरो विषयमा जो कुछ भन्यौ त्यो सत्य हो। जबतक म भन्दा परको तत्व ( स्वयं भगवान् ) लाई जीव जान्दैन तबतक मेरो त्यस्तै प्रभाव प्रतीत हुन्छ। जसरी सूर्य, चन्द्र, अग्नि, ग्रह, नक्षत्र एवं तारागण जसको प्रकाशले प्रकाश भै जगत्मा प्रकाश फैलाउँदछन् त्यस्तै म पनि उनै स्वयं प्रकाश-प्रभुको चिन्मय प्रकाश द्वारा प्रकाशित भएर संसारलाई प्रकाशित पारी रहेछु। म वासुदेवको दास हुँ, मेरो इष्टदेव वहाँ नै हुनुहुन्छ। निरन्तर मायाले मोहित भै—'यो म यो मेरो, भन्ने मूर्खहरू नै मलाई जगद्गुरू मान्दछन्। द्रव्य, कर्म, काल, स्वभाव, जीव वास्तवमा वहाँदेखि भिन्न कहाँ छन् ? वेद नारायण परायण हुन्, देवता वहाँकै अंग, यज्ञ वहाँ खुशीको निमित्त गरिने र ती द्वारा जो पाइन्छ त्यो प्रभु बाट नै कल्पित हो। योग नारायण पाउन र तपस्या वहाँ कै सन्मुख पुग्न हो। ज्ञानले जानिने उही प्रभु र समस्त साधनको पर्यवसान वहीं हुनुहुन्छ। वहाँ द्रष्टा भएर पनि ईश्वर र निर्विकार भएर पनि सर्व स्वरूप हुनुहुन्छ। मलाई वहाँले नै बनाएको र वहाँकै दृष्टि द्वारा प्रेरित भएर वहाँकै इच्छानुसार सृष्टि रचना गर्दछु। वहाँ मायाको गुणले रहित

अनन्त भएर पनि कार्यको निति गुण स्वीकार गर्नुहुन्छ। यी तीनगुण, द्रव्य, ज्ञान एवं क्रियाको आश्रय लिएर मायातीत नित्य मुक्त पुरुषलाई नै मायामा स्थित हुँदा कार्य कारण एवं कर्तापनको अभिमानले बाँद्धछन्। नारदजी, गुणको तीन आवरणले आफ्नो स्वरूप ढाकिएको जीववाट अगोचर प्रभु जो हो त्यो मेरो मात्र हैन सारा संसारको एकमात्र स्वामी हो। एकवाट घेरै हुन इच्छा हुंदा आफ्नो स्वरूपमा स्वयं प्राप्त काल, कर्म, स्वभावलाई प्रभुले स्वीकार गर्नुभयो। वहाँको शक्तिवाट नै रूपान्तरित एवं कर्मले महत्तत्वलाई जन्माए। रजतमको वृद्धिले महत्तत्वमा विकार पैदा भै परिणाम ज्ञान, क्रिया एवं द्रव्य रूप तम प्रधान विकार जो भो त्यो नै तीन विकार वाला अहंकार हो जसको नाम वैकारिक: तैजस तामस हुन्! जव पंचमहाभूतहरूको कारणरूप तामस अहंकारमा विकार हुन्छ तब आकाशको उत्पत्ति हुन्छ जसको तन्मात्रा एवं गुण शब्द द्वारा नै द्रष्टा दृश्यको वोध हुन्छ आकाशको विकार वायु र उसको गुण स्पर्श हो आफ्नो कारणको गुण आउने हुनाले यो शब्द वाला पनि हो। इन्द्रियमा स्फूर्ति, शरीरमा जीवन शक्ति, ओज औ बल यसैको रूप हो। काल, कर्म औ स्वभाववाट वायुमा विकार हुँदा तेजको उत्पत्ति र यसको प्रधान गुण रूप हो। साथै यसको कारण आकाश एवं वायुको गुण शब्द स्पर्श पनि यसमा छन्। तेजको विकारले जलको उत्पत्ति र उसको गुण रस हो कारणतत्वको गुण शब्द स्पर्श एवं रूप पनि यसमा समावेश छन्। जलको विकारले पृथ्वीको उत्पत्ति भयो पृथ्वीको गुण गन्ध हो। कारणको गुण कार्यमा आउँदछ यो न्यायले

शब्द, स्पर्श, रूप, रस यी चारै गुण यसमा विद्यमान छन्। वैकारिक अहंकारबाट मन एवं इन्द्रियका दश अधिष्ठात्री जसको नाम दिशा, वायु, सूर्य, वरूण, अश्विनी कुमार, अग्नि, इन्द्र, विष्णु, मित्र, प्रजापतिहरूको उत्पत्ति भयो। तैजस अहंकारको विकारबाट कान, छाला, नेत्र, जिह्वा एवं प्राण यी पाँच ज्ञानेन्द्रिय एवं ज्ञान शक्ति रूप बुद्धि औ क्रिया शक्ति रूप प्राण पनि उत्पन्न भए। जहाँतक पंच-महाभूत, इन्द्रिय, मन, तीनगुण परस्पर संगठित थिएनन् तवतक आफू रहँनको निंति भोग साधन रूप शरीर रचना गर्न सकेनन्। जव भगवान्ले शक्ति द्वारा तिनलाई प्रेरित गर्नुभयो तव यी तत्व एक दोस्राको साथ परस्पर मिल्दै आपसमा कार्य कारण भाव स्वीकार गरेर व्यष्टि समष्टि पिण्ड एवं ब्रह्माण्ड दुवै रचना गरेका हुन्। ब्रह्माण्डरूप अण्ड एक हजार वर्ष निर्जीव रूपले पानीमा रहेपछि काल, कर्म, स्वभावलाई स्वीकार गर्ने प्रभुले उसलाई जीवित गर्नु भयो। त्यो अण्ड फोरेर निक्लने विराट् पुरुषको जङ्घा, चरण, भुजा, नेत्र, मुख एवं शिरहरू हजारौं संख्यामा थिए। उपासनाको निंति विद्वान्हरू वहाँको अंगमा समस्त लोकको मात्र हैन तिनमा रहने वस्तुको र कमरको तल्लोभागमा सात पाताल, माथिल्लो अंगमा सात स्वर्गको कल्पना गर्दछन् भन्ने कुरा यस०।

## छैटौं अध्याय

विराट् पुरुषको मुखबाट वाणी एवं उसको अधिष्ठात्री अग्नि, सात धातु बाट सातछन्द, जिह्वाबाट मनुष्य पितृ देवतालाई भोजन योग्य अमृतमय अन्न, सवप्रकारको

रस, रसनेन्द्रिय, उसको अधिष्ठात्री वरुण, नासिका छिद्रबाट प्राण, अपान, व्यान, उदान, समान यी पाँच प्राण र वायु एवं घ्राणेन्द्रियबाट अश्विनी कुमार, समस्त औषधि, साधारण तथा विशेष गन्ध उत्पन्न भए। नेत्रेन्द्रिय रूप एवं तेजको र नेत्रगोलक सूर्य एवं स्वर्गको जन्म भूमि हो। कानबाट दिशा एवं पवित्र पार्ने तीर्थ र श्रोत्रेन्द्रियबाट आकाश एवं शब्द निक्ले। वहाँको शरीर संसारका समस्त वस्तुको सार भाग तथा सौन्दर्यको खजाना हो। छालाबाट सारा यज्ञ, स्पर्श एवं वायु र रोम उद्भिज पदार्थको जन्मस्थान हो जसबाट यज्ञ सम्पन्न हुन्छन्। केश, दारी, जुँघा, नखबाट मेघ, बिजुली, शिला, लोहा, आदि धातु र भुजाबाट प्रायः विश्वको रक्षा गर्ने लोकपाल प्रकट भए। वहाँको चल्नु, फिर्नु भूः भुवः स्वः तीन लोकको र चरण कमल कल्याण एवं शरणागतिको आश्रय हो। लिङ्ग जल, वीर्य, सृष्टि, मेघ एवं प्रजापतिको आधार र जननेन्द्रिय मैथुन जनित आनन्दको उद्गम स्थान हो। पायु इन्द्रिय यम, मित्र एवं मल त्यागको र गुदद्वार हिंसा, निकृति, मृत्यु एवं नरकको उत्पत्ति स्थान हो। पीठबाट पराजय, अधर्म एवं अज्ञान र नाडिबाट नद नदी, हड्डीबाट पर्वतको निर्माण भयो। वहाँको उदरमा मूल प्रकृति, रस नामको धातु, समुद्र, प्राणी एवं तिनको मृत्यु अटाई रहेछ। वहाँको हृदय नै मनको उत्पत्ति स्थान हो। नारदजी, हामी कतिपय भक्त र विज्ञान एवं अन्तः स्करण वहाँका चित्तको आश्रित छौं। कहाँतक भनौं–म, तिमी, सनकादि, शङ्कर, देवता, दैत्य, मनुष्य, नाग, प्रेत, पितृ, चराचर प्रकारका जीव, ग्रह, नक्षत्र, बादल सबका सब

विराट् भित्रै त छौं। यो विश्व जैले देखि छ जहाँसम्म रहन्छ सबलाई विराट् पुरुषले घेरेको र वहाँ भित्र यो विश्व वहाँको केवल दश अङ्गुलको परिमाणमा स्थित छ, जसरी सूर्य आफ्नो मण्डलभाई मात्र हैन वाहिर पनि प्रकाश फैलाउँदछन त्यस्तै परमात्मा सम्पूर्ण विराट् विग्रहलाई प्रकाशित गर्दै उसको वाहिर भित्र सर्वत्र एकरस प्रकाशित हुनु भएको छ। मनुष्यको क्रिया एवं सङ्कल्प द्वारा जो कुछ बन्दछ त्यो देखि पर मात्र हैन अमृत एवं अभयपदको स्वामी हुनाले नाथको महिमा देखि पार पाउँन को सक्ला ? सम्पूर्ण लोक प्रभुको एक पादमात्र अर्थात् एक अंशमात्र हुन् जसमा नै सम्पूर्ण प्राणी र जन, तप, सत्यलोक जो क्रमशः अमृत, क्षेम एवं अभय रूप हो जहाँ ब्रह्मचारी वानप्रस्थ, संन्यासी, र ब्रह्मचर्य रहित गृहस्थहरू चाहिं भूर्लोक, भुवर्लोक, स्वर्लोक भित्रै निवास गर्दछन। अविद्या रूप कर्मकाण्ड़ी दक्षिण तिरबाट र विद्या रूप उपासना मार्गी अर्थात् भक्तहरू उत्तर तिरबाट यात्रा गर्दछन्। दुवै मार्गको आधार भूत पुरुषोत्तम नै हुनुहुन्छ।

किरण द्वारा सूर्यले सबलाई प्रकाश दिएर पनि जसरी सबसँग अलग छन् त्यस्तै जुन प्रभुबाट यो अण्ड़को औ पंच-भूत, एकादश इन्द्रिय एवं गुणमय विराट्को उत्पत्ति भयो त्यो प्रभु यी सब वस्तुको अन्दर एवं तिनकै रूपमा रहेर पनि ती देखि सर्वथा अतीत नै हुनुहुन्छ। विराट्को नाभि कमल देखि मेरो जन्म भएको वेला पुरुषका अंगको अतिरिक्त कुनै यज्ञ सामग्रि मिलेन तव मैले वहाँको अंगमा नै यज्ञ-पशु, स्तंभ, कुश, यो यज्ञभूमि एवं यज्ञको निंति उत्तम कालको कल्पना गरें। यज्ञका आवश्यक पात्र आदि वस्तुहरू

जौ, चावल आदि औषधि, घिउ आदि स्नेह पदार्थ, छःरस, लोहा, माटो, जल, ऋक्, यजु, साम, चातुर्होत्र, यज्ञको नाम, मंत्र, दक्षिणा, व्रत, देवताको नाम, पद्धति ग्रन्थ सङ्कल्प तन्त्र अर्थात् अनुष्ठानको रीति, गति, मति, श्रद्धा, प्रायश्चित्त एवं समर्पण यी समस्त कुरा वहाँकै अंगवाट इकठ्ठा गरेर त्यही सामग्री द्वारा यज्ञ स्वरूप परमात्माको यजन गरेको हुँ। त्यसपछि तिम्रा दाजुहरू, नउ प्रजापतिहरूले र समयानुसार अरू ऋषि मनु पितृ देवता दैत्यहरूले पनि विराट् एवं अन्तर्यामी दुवै रूपको आराधना गरेका हुन्। प्राकृत गुणले रहित भएर पनि प्रभु सृष्टिको आरम्भमा माया द्वारा घेरै गुण ग्रहण गर्नुहुन्छ वहाँकै प्रेरणा द्वारा म संसारको रचना र रूद्र संहार गर्दछन् स्वयं प्रभु विष्णु रूपले पालन गर्नुहुन्छ। भाव या अभाव कार्य या कारणको रूपमा यस्तो केही वस्तु छैन जो भगवान् देखि भिन्न होस्। नारदजी, प्राणनाथ-लाई मैले निरन्तर सम्झन सकेको हुनाले न म झूठा बोल्दछु न झूठो सङ्कल्प नै गर्छु न मेरा इन्द्रिय कुमार्गमा जान्छन्। म वेदमूर्ति हुँ मेरो जीवन तपस्या मय छ वडे वडे प्रजापति मेरो वन्दना गर्दछन्। निष्ठा द्वारा सर्वांग योगको अनुष्ठान गरीसकें परन्तु आफ्नो मूलकारण परमात्मालाई मैले जान्न सकेको छैन। आकाशले आफ्नो अन्त नजाने झैं अनन्त पनि आफ्नो अन्तको विस्तार गर्न सक्नु हुन्न रे। यो स्थितिमा मायाले मोहित भै माया द्वारा रचना भएको जगतलाई त ठीक ठीक नाप्न नसकी आफ्नो आफ्नो बुद्धिले अडकल सम्म लडाउने तिमी हामी वामदेवादिले के गरी त्यो पत्ता लगाउनु ? हामी त शरणागत भक्तलाई जन्ममृत्युरूप विकट

दुःखबाट छुटाईदिने परम कल्याण रूप चरणकमलमा नमस्कार गर्दै वहाँका अवतारको लीला नाम गएर कृतार्थ छौं। पदवीको अन्त लिनुपरेको छैन। मायाको लेश एवं आदि अन्तले रहित अन्तरात्माको रूपमा एक रसले स्थित प्रभुको साक्षात्कार महात्माहरू अन्तः करण इन्द्रिय एवं शरीर शान्त भएको बेला गर्दछन्। परन्तु असत् व्यक्तिहरू वाद-विवाद कुतर्क रूपी जाल बिछाई त्यस्तो कृपालुलाई ढाकि-दिन्छन् र आफैं दर्शन देखि वञ्चित हुन्छन।

परमात्माको पहिलो अवतार विराट् पुरुष र काल, स्वभाव, कर्म, कारण, मन, पंचमहाभूत, अहंकार, तीनगुण, इन्द्रिय, ब्रह्माण्ड शरीर, उसको अभिमानी स्थावर जंगम जीव, तिमी, हामी अरू पनि तिनै लोकमा जति वस्तु, ऐश्वर्य, तेज, इन्द्रिय-बल, मनोबल, शरीर–वल या क्षमाले युक्तछन् अथवा जो विशेष सुन्दर, लज्जा, वैभव, तथा विभूतिले युक्त एवं अद्भुत वर्णका रूपवान् या अरूप छन ती सबकासब परमतत्व रूप भगवद्—स्वरूप नै हो। नारद ! यिनको अतिरिक्त परमात्माको प्रधान प्रधान लीलावतारको पनि शास्त्रमा जो वर्णन गरिएको छ त्यो पनि म क्रमशः वयान गर्दछु जो सुन्नामा अत्यन्त मधुर र श्रवणेन्द्रियको दोषलाई दूर गर्ने हुन् तिमी सावधान भएर सुन भन्ने कुरा यस०।

## सातौं अध्याय

ब्रह्माजी भन्दैछन्—प्रलयपानीमा डुवेकी पृथ्वीको उद्धारलाई अनन्तज्यूले यज्ञमय वराह रूप ली इन्द्रले पर्वतको पखेटा झैं आफ्नो दाह्राले हिरण्याक्षलाई टुक्रा गराइदिनु

भो। फेरि नाथले रूचि पत्नी आकूतिबाट सुयज्ञको रूपमा अवतार लिएर पत्नी दक्षिणाबाट सुयम नामक देवता प्रकट गराई तीनै लोकको संकट हर्नुभो यस हेतु स्वायम्भुव मनुले वहाँलाई 'हरि!' नामले पुकारेका हुन्। कर्दमको घरमा कपिल भएर उपदेश गर्नु भएबाट देवहूतिले तीन गुणको आसक्ति रूप सारा कीचड धोएर वास्तविक स्वरूप प्राप्त गरिन्। महर्षि अत्रि देखि खुशी भएर प्रभुले भन्नुभो—'मैले तपाईंलाई आफैं दिएँ' यस निति यो अवतारको नाम 'दत्त' भयो—जसका पदपङ्कज पराग द्वारा राजा यदु एवं सहस्रार्जुन आदिले योगको भोग र मोक्ष यी दुवै सिद्धि प्राप्त गरेका हुन्। सृष्टिको आरम्भमा मेरो तपबाट प्रसन्न प्रभुले 'तप' अर्थवाला सन नाम युक्त सनकादिको अवतार ली प्रलयको कारण पहिलेका कल्पको भुलेको ज्ञान ऋषि प्रति प्रदान गर्नुभो। मूर्तिको गर्भबाट नरनारायण भएर प्रभुले आफू सुहाउँदो तपस्याको प्रभाव देखाउनुभो। काम देवका सेनाले स्वभाव त्यागुपर्‍यो। ठूला कहलिएका शंकर आदिले रोष द्वारा कामदेवलाई जलाउँनु केही बड़िबात हैन परन्तु आफूलाई जलाउने असह्य क्रोधलाई तिनले भष्म पार्न सकेनन। त्यही संसारलाई खरानी पार्ने क्रोध वहाँको निर्मल हृदयमा डरका मारे प्रवेश गर्न सकेन फेरि काम देव केगरी सक्ला? अर्थात् जहाँ रीस छ त्यहीं नै कामको दाल गलनसक्छ। सुरूचिका वचनवाणले विंधिई मधुवन (यो व्रजको प्रधानवाहमा प्रथम वन हो) मै आराधना गर्ने ध्रुवले ध्रुवपदपाएपछि तलमाथि प्रदक्षिणा गर्ने महर्षिगण ध्रुवावतार भगवानको अद्यापि स्तुति गर्दैछन्। ऐश्वर्य एवं पौरुष ब्राह्म-

णको हुंकारले भष्म भएपछि गिर्नलागेको शरीर मथेर ऋषि-हरूले पृथुरूपमा अवतार मात्र हैन वेनलाई नरकबाट उतार्दै पुत्र शब्दको चरितार्थ गराए, यसै अवतारमा पृथ्वी-लाई गाई बनाएर सारा औषधि दुहेको हो । सुदेवीको गर्भबाट प्रभु ऋषभदेव भै समस्त आसक्ति रहित हुँदै मन एवं इन्द्रियलाई शान्त पार्नु भो औ जडको भाँति योग चर्याको आचरण गर्नुभो जुन स्थितिलाई परमहंस पद या अवधूत-चर्या भन्दछन् । मेरो यज्ञमा प्रभुले सुवर्ण समान कान्तिवान् हयशिर्षको अवतार लिनुभै नासिकाबाट स्वासको रूपमा वेदवाणी प्रकट गर्नुभो ! चाक्षुष मन्वन्तरमा भावी मनु सत्य-व्रतका अगाड़ि माछोको रूपमा प्राप्त प्रभु पृथ्वीरूप नौकाको आश्रय हुनुको कारण जीवको आश्रय बन्नु भै प्रलयभर मेरो मुखबाट गिरेको वेदलाई ली विहार गर्नुभो । समुद्र मथनमा कच्छप अवतार हुँदा पर्वत घुम्नुको कारण रगड़ले जब पिठिऊँको चिलाई थोरै मिट्यो तब प्रभु एकक्षण सुखले सुत्नु भएथ्यो। देवताको महान् भय भेट्न नाथले नरसिंह हुनु पऱ्यो फर्फराउँने भृकुटि एवं तीखो दाह्राले वहाँको मुख अत्यन्त डरलाग्दो देखिएको थियो टुटेर आउने हिरण्यक-शिपुलाई नाथले जाँघमा राखेर नङले त्यसको पेट फाड़िदिनु भयो । ग्राहले पैर पक्रदा थाकेका गजेन्द्रले जब सूँड़मा कमल ली 'हे आदि पुरुष ! हे समस्त लोकको स्वामी ! हे श्रवण मात्रले मंगल प्रदान गर्ने प्रभु !' भनी पुकारे तब चक्रले ग्राहको मस्तक फोरि शरणागतलाई विपत्बाट उद्धार गर्नुभो । आदित्यमा सवभन्दा कान्छा भएर पनि वामन गुणको दृष्टिले ठूलो हुनुहुन्छ तीन पैर जमिनको बहानाले

सारा पृथ्वी लिएर यही सिद्ध गर्नु भयो कि—जस्तै समथ पुरुष पनि सन्मार्गगामीलाई याचना सिवाय अरू कुनै उपायले विचलित गराउँन सक्तैन। नारद! प्रेमभावले प्रसन्न हुने हंसरूप भगवान्‌ले तिमीलाई योग, ज्ञान एवं आत्मतत्व प्रकाशित गर्ने भागवत धर्मको उपदेश गर्नु भएको हो त्यो तिमीलाई थाहैछ जो शरणागत भक्तलाई मात्र सुगमताले प्राप्तहुन्छ। त्यै प्रभु मन्वन्तरमा मनुहरूको रूपमा अवतरित भएर मनुवंशको रक्षा गर्दै सर्वत्र सुदर्शन समान आफ्नो तेजले दशैदिशामा बेरोकटोक निष्कण्टक राज्य गरेर स्वर्गतक कमनीय कीर्ति फैलाउनु हुन्छ। नामैले बडे बडे रोग नाश गर्ने स्वनाम धन्य धन्वन्तरीको अवतार भै प्रभुले देवताहरूलाई दैत्यहरूले हरेको यज्ञभाग सहित अमृत पिलाई अमरता दिएर आयुर्वेदको प्रचार गर्नु भयो। जब संसारमा ब्रह्मद्रोही नारकीय क्षत्री आफ्नै नाशको निंति बढेर पृथ्वीको काँड़ो बन्छन् तब भगवान् परशुरामको रूपमा देखा परेर एकाइश पटक तिनको संहार गर्नुहुन्छ यसपछि हामीलाई अनुग्रह गर्न भगवान् रामको रूपमा आई त्रिपुरको विमानलाई शंकरले झैं लंका भष्म गर्न जब तटमा पुग्नुहुन्छ तब सीता वियोगको कारण भएका लाल लोचन द्वारा सामुद्री जीवहरू जलन र भयभीत समुद्र वहाँलाई मार्ग दिन्छन्। रावणको कठोर छातिमा टकराएर जुन बेला ऐरावतको दाँत चूर हुँदै चारैतिर फैलिएर दिशा सफेद भए थे तब घमण्ड़ले फूलेको रावण खूब हाँसेको हो त्यै अहंकारी लड़ाईको मैदानमा प्रभुको धनु द्वारा घमण्डको साथ निष्प्राण देखियो त्यही गति संसारको हो। जुन बेला दैत्य समूहले

पृथ्वीलाई मर्दन गर्नेछन् भार उतार्न भगवान् आफ्नो सफेद एवं कालो केशबाट श्री राम कृष्णको रूपमा अवतार लिएर महिमा विकाश गर्ने यति अद्भुत चरित्र देखाउनु हुनेछ जसलाई मनुष्य कुनै प्रकारले पनि जान्न सक्तैन। बचपन मैं पूतनाको प्राण हर्नु, गाडा उल्टाउनु, यमलार्जुन उखाड़नु, कालीय नाग नाथ्नु, दावाग्निबाट बचाउँनु, यो साक्षात पुरुषोत्तम बिना कसले गर्नसक्छ ? आमाको ड़ोरी २ अंगुल कम हुनु, वदनमा चौधभुवन देखाउनु, नन्दबालालाई वरूण पाशबाट छुटाउँनु, व्योमासुर उद्धार गर्नु, दिनभर काम धन्दाले थाकेका व्रज-बासी जब सुत्तछन् साधन हीन थिए त पनि तिनलाई रातमा परमधाम लैजानु, गोवर्धनलाई छत्राक पुष्पको तरह ७ दिनसम्म धारण गर्नु, रास विहार गर्नु, शङ्खचूडको शिर उतार्नु, प्रलम्ब, धेनुक, बकासुर, केशी, अरिष्टासुर भौम आदि दैत्य, चाणूर आदि पहलमान, कंस, कांवोज आदि राजालाई बलराम, भीमसेन, अर्जुन, आदि नामको आड-मा स्वयं मारेर आफ्नो धाम लानु इत्यादि प्रभुका अलौकिक लीला घेरै हुनेछन्। यसपछि समयको फेरले जब मनुष्यको समझ र आयु कम हुन्छ औ वेदवाणी बुझ्न असमर्थ हुन्छन् तब प्रत्येक कल्पमा भगवान् व्यास रूपमा प्रकट भै वेदरूपी वृक्षलाई विभिन्न शाखामा विभाजन गर्नु हुनेछ। जब वेदको सहारा ली मयले निर्माण गरेको अदृश्य वेग वाला नगरहरूमा रहेर दैत्यहरू जीव सत्यानाश गर्न थाल्ने-छन् तब भगवान् तिनको बुद्धिमा मोह एवं अत्यन्त लोभ उत्पन्न गराउने बुद्धको वेष लिएर उपधर्मको उपदेश गर्नु हुनेछ। कलिको अन्तमा जब सत्पुरुषको घरमा पनि कथा कीर्तन हुन

बाधा पर्न लाग्छ जुन जातिको होस् राजा पाखण्डी बन्नुको हेतु स्वाहा स्वधा बन्द हुन्छ त्यो बेला भगवान् कल्कि अवतार ग्रहण गर्नु हुनेछ। संसार रचनालाई तपस्या, प्रजापति मरीचि आदि ऋषि र सृष्टि रक्षालाई धर्म, विष्णु, मनु, देवता एवं राजा, प्रलयको बेला अधर्म, रुद्र, क्रोधवश नामक सर्प एवं दैत्य आदिको रूपमा भगवानको माया विभूति प्रकट हुन्छ। आफ्नो प्रतिभाको बलले पृथ्वीको धूलिकण, कसैले गनोस् परन्तु वहाँका शक्तिको गणना गर्ने को ? जुनबेला त्रिविक्रम अवतार ली प्रभुले त्रिलोक नाप्नु भएथ्यो चरणको अदम्य वेगले प्रकृति रूप अन्तिम आवरण देखि लिएर सत्य-लोक तक सारा ब्रह्माण्ड काँप्न लाग्यो। तर कृपा लागी प्रभुले आफ्नै शक्ति द्वारा स्थिर गर्नुभो। समस्त शक्तिको आश्रय नाथको वास्तविक स्वरूपलाई तिम्रा दाजु सनकादिले मात्र हैन मैले पनि जान्न सकेको छैन। यसमा के आश्चर्य भो र ? हजारौं मुखले आफ्नो महिमा गाई रहेर पनि आज तक पार पाउन सकेको छैन अरू कसले सक्ला ? यो आदर्श आदि-देव श्रीमान् शेषज्यू देखाइरहँनु भएको छ।

जो निष्कपट भाव अर्थात् छलछाम रहित भै सर्वस्व मात्र होइन आफ्नो आत्मालाई प्रभुको चरणमा अर्पण गर्नसक्छ त्यसै माथि प्रभु दया गर्नु हुन्छ। कृपाको पात्र नै दुस्तर मायाबाट छुट्न र वास्तवमा त्यस्तै शरणागत भक्तको नै कुत्ता श्यालको अहारा रूप देहगेहादिमा म मेरो भाव छुटेको हुन्छ। मायाको खेल जानी संसारबाट विरक्त भएर मायापतिको भजन गर्ने प्रेमीको झैं नम्रता आदि स्वभाव बनाउने शिक्षा मिलेको यदि भए स्त्री, शूद्र, हूण, भील मात्र हैनन् पशुपक्षीहरू

पनि मायाबाट पार हुन्छन् फेरि विदुर श्रुतदेवादिको के कुरो ?

परमात्माको स्वरूप एकरस, शान्त, अभय औ सत् असत् देखि पर हुनाले वहाँ नकुनै लौकिक वैदिक शब्दको पहुँच छ, न साधनबाट सपन्न हुने कर्म फलको। माया पनि जसको सामने पर्न लजाउछिन् फेरि अरूको के कुरो ? इन्द्र स्वयं मेघ स्वरूपले विद्यमान हुनुको कारण जलको निति कूवा खोद्न कोदालीहरू राख्तैनन् त्यस्तै आनन्द स्वरूप प्रभुको साक्षात्कार गर्ने महापुरुषलाई भेद हटाउँन ज्ञान आदि साधनको जरूरत रहँदैन, छोडि दिन्छन। साधारण मनुष्य जो माग्नेछन् तिनलाई भावानुसार फल प्रभु प्रदान गर्नु हुन्छ, त्यो शुभ कर्मको प्रेरणा पनि यदि वहाँले नगरे जीव गर्न सक्दैन। कर्म गर्नेको पंचमहाभूत अलग अलग भै देह नष्ट हुँदा पनि अजन्मा पुरुष आकाश झैं छ, कहाँ नष्ट हुन्छ ? पुत्र नारद ! मैले तिमीलाई संक्षेपले जो प्रभुका विभूतिको वयान गरें। यही भागवत हो—जो प्रभुबाट मैले पाएको हूँ जो देखि भाव अभाव भिन्न छैन ता पनि भगवान् यी देखि जरूर अलग हुनुहुन्छ। अब यो भागवत तिमीले भगवानको प्रेममयी भक्ति मनुष्यलाई जसरी लाग्दछ त्यो सङ्कल्प गरेर सर्वत्र प्रचार गर।" यसो भन्दै ब्रह्माले भागवत नारदलाई प्रदान गरे भन्ने कुरा०।

## आठौं अध्याय

परीक्षित्ले भने— भगवन् ! सबैलाई भगवद्दर्शन गराउँने स्वभाव लिएका नारदजीले निर्गुणका गुणको कुन रूपबाट कस कसमा प्रचार गरे ? त्यो सुन्नपाए म पनि आसक्ति रहित मन भगवान् कृष्णमा तन्मय गराई शरीर छाड्न सक्तो हुँ। श्रद्धाले सुनेको कृष्णकथा कानको छिद्र-

बाट भावमय हृदयमा पुगेपछि मनको मैल यसरी मेट्दछ मानो शरत् ऋतुले जलको मैललाई। यसरी जसले हृदय शुद्ध पारे ती फेरि एकक्षणको लिए पनि चरण कमल छाड्न सक्तैनन्, मानो मार्गको अनेकन क्लेशबाट छुटेर आइ पुगेको पथिकले आफ्नो घर। गुरू! जसको साथ जीवको कुनै सम्बन्ध छैन ती पंचभूतैबाट शरीर बन्ने कुरा स्वभावैले हो वा कुनै कारण वश हो? फेरि तपाईले भन्नु भो – प्रभुको नाभिबाट कमल र त्यसैमा लोकको रचना भो, त्यसो भए जीव झैं के परमात्मा पनि सीमित अवयवले परिछिन्न हुनुहुन्छ कि कसो हो? जसको कृपा द्वारा ब्रह्माले दर्शन र सृष्टिको सेवा पाए त्यो मायाको मालिक माया त्याग गरेर कुन रूपमा शयन गर्नु हुन्छ? फेरि तपाईले कहीं बताउँनु भयो 'विराट्को अंगबाट लोक एवं लोकपाल रचना भए' कहिं भन्नु भो 'लोक एवं लोकपालको रूपमा वहाँका अंगको कल्पना'। यी दुइ कुराको तात्पर्य के हो? महाकल्प एवं तिनको अन्तरगत अवान्तर कल्प कति छन्? भूत भविष्य वर्तमानको अनुमान कुन प्रकार गरिन्छ? के स्थूल देहाभिमानी जीवको आयु पनि बाँधिएको हुन्छ? कालको सूक्ष्म गति त्रुटि आदि र स्थूल गति वर्ष आदि कुन प्रकारले जानिन्छ? विविध गुण औ कर्मले जीवको गति उत्पत्ति कति कस्तो हुन्छ? बाहिर भित्र दुवै प्रकारका ब्रह्माण्डको परिमाण, महापुरुषको चरित्र एवं वर्णाश्रमको भेद कस्तो छ? युगको भेद, तिनको परिमाण, अलग अलग धर्म, औ आश्चर्यतम अवतारका चरित्रहरू कति छन्? साधारण र विशेष धर्म कस्तो हो? व्यवसाय वालाको, राजर्षिको,

विपत्तिमा परेकाको धर्म के हो ? तत्वको संख्या, तिनको लक्षण, प्रभुको आराधना, अध्यात्मयोगको विधि कस्तो हो ? योगेश्वरलाई के ऐश्वर्य र अन्तमा कुन गति प्राप्त हुन्छ ? तिनको लिङ्ग शरीर कसरी भंग हुन्छ ? वेद, उपवेद, धर्मशास्त्र, इतिहास पुराणको के स्वरूप हो ? प्राणीको उत्पत्ति, स्थिति, लय कसरी हुन्छ ? वावली–कूवा खोदाउँनु आदि स्मार्त, यज्ञ यागादि वैदिक एवं काम्य कर्म तथा अर्थ धर्मका साधनको विधि के हो ? प्रलयको वेला प्रकृतिमा लीन हुने जीवको फेरि र पाखण्डको उत्पत्ति कसरी हुन्छ ? वन्ध मोक्षको स्वरूप के हो ? माया त्यागेर मानो साक्षी भैं उदासीन हुने कसरी हो ? गुरु ! शरण परेको छु तपाई अरूको भैं पूर्व परम्परा देखि सुन्दै आएका कुराको मात्र अनुष्ठान गर्ने नभै स्वयम्भुको समान प्रमाण पुरुष हुनाले सोद्धै छु। अन्न पानी छोडेको वारेमा चिन्ता न लिनु होला। मेरो प्राण कुपित ब्राह्मणका श्रापको अतिरिक्त कुनै कारणले निक्लदैन। किन भने म तपाईका मुखवाट निक्लेको अमृतमयी कथा रस पान गरी रहेछु। सूत भन्दछन्—यस्तो प्रश्न सुनेर शुकदेवजीले श्रीमद् भागवत पुराण सुनाउँन थालेका हुन्—जो ब्रह्म कल्पको आरम्भमा स्वयं भगवानले ब्रह्माजीलाई प्रदान गर्नु भएको थियो भन्ने कुरा ०।

## नवौं अध्याय

स्वप्नका पदार्थ सँग देख्ने व्यक्तिको भैं माया विना दृश्य पदार्थ सँग आत्माको सम्वन्ध छैन, विविध रूपात्मिका मायाको कारण नाना रूपात्मक प्रतीत भै गुणमा रम्न थाले— यो म हूँ, यो मेरो हो, यो प्रकार वक्न र गुणलाई क्षुव्ध गर्ने काल

एवं मोह उत्पन्न गर्ने माया यी दुइ देखि परको आफ्नो अनन्त स्वरूपमा रम्नलागे—त्यो आत्माराम वन्दछ। निष्कपटको तपस्या देखि प्रसन्न भएर प्रभुले ब्रह्मालाई जुन आत्मतत्वको उपदेश गर्नुभो त्यो म भन्दछु सुन—आफ्नो जन्म स्थान कमलमा वसी निर्माणको निति विचार गर्दा सृष्टि व्यापारको निति वाञ्छनीय जुन ज्ञानदृष्टि हो त्यो ब्रह्मालाई प्राप्त भएन। एकदिन यही चिन्तामा व्यस्त भएको वेला अकस्मात् व्यञ्जनका सोह्रौं एवं एकाइशौं अक्षर अर्थात् 'तप तप' यो दुइ पटक सुने जो त्यागीहरूको धन हो। चारैतिर हेर्दा पनि जव वक्तालाई देखेनन् त्यस वेला तपस्या गर्ने प्रत्यक्ष आज्ञा मिलेको—भो निश्चय गर्दै औ त्यसैमा आफ्नो हित संझदै ब्रह्माजी दिव्य एक हजार वर्ष आराधनामा व्यस्त भए—जस द्वारा समस्त लोक प्रकाशित गर्ने समर्थ मिलोस्।' तपवाट प्रसन्न प्रभुले आफ्नो लोक जहाँ रज तम मात्रको हैन यी सँग मिलेको सत्वगुण औ कालको दाल गल्न सक्तैन, जहाँ माया कदम वढाउँन सक्तिनन् फेरि उनका वालवच्चा के गरी जानु ?—दर्शन गराई दिनुभो जसले एक पटक यो धामको दर्शन पायो त्यो देवता फेरि त्यहाँको स्तुति नगरी रहँन सक्तैन जहाँ चतुर्भुज युक्त नीजी पार्षदहरू र विजुली सहितका वादलले आकाश झैं लोक मनोहर कामिनीहरूका कान्तिले युक्त महात्माहरूको दिव्य तेजोमय विमानहरूले स्थान स्थान सुशोभित छन्। लक्ष्मीज्यूलाई आफ्नो विविध विभूतिको साथ चरण कमलको सेवा गर्ने अवसर प्रायः यहीं मिल्दछ—यो हो वैकुण्ठ। कहिले कहिं जव उनी झुलनामा वसेर प्रियतमको चरित्रगानमा मस्त हुन्छिन् तव उनको

सौन्दर्य एवं सुरभिले उन्मत्त भएका भ्रमरा स्वयं लक्ष्मीज्यू कै गुणगान गर्न थाल्दछन् जो हेर्न सुन्न लायक हुन्छ। ब्रह्माले देखे—नन्द, सुनन्द, प्रवल एवं अर्हण आदि प्रमुख पार्षदहरू को सेवा स्वीकार गर्दै एक वहुमूल्य आसनमा प्रभु विराजमान हुनुहुन्छ। पुरुष, प्रकृति, महतत्व, अहं, मन, दशेन्द्रिय, शब्दादि तन्मात्रा एवं पंचभूत यी पचिस शक्तिहरू मूर्तिमान भएर चारैतिर खडाछन्। प्रभु अतिरिक्त अन्त निवास नगर्ने समग्र ऐश्वर्य, धर्म, कीर्ति, श्री, ज्ञान एवं वैराग्य यी छः नित्य सिद्ध स्वरूप भूत शक्तिहरूको त कुरै रहेन। वक्षस्थलको एक सुनहरी रेखाको रूपमा लक्ष्मीज्यूको र अहिले नै आफ्ना भक्तलाई सर्वस्व प्रदान गर्ने हो कि भनेझैं आनन्द स्वरूपमा मग्न वैकुण्ठ नाथका दर्शनले ब्रह्माजीको शरीर पुलकित भो, प्रेमाश्रु झरे। आनन्दको उद्रेकले हृदय लवालव भयो। चरण कमलमा जो परमहंसको मार्गले प्राप्त हुनेहो शिर झुकाएर प्रमाण गरे। प्रियतमले प्रेमीको हातमा हात मिलाई आदेश दिन योग्य देखेर मन्द मुस्क्यानले अलङ्कृत वाणी भन्नलाग्नुभो—ब्रह्माजी! मनमा कपट नराख्दै मलाई देख्नु विना वाणी सुनेकै भरवाट योग साधन गरे द्वारा म तिमी देखि खुशी भएँ वर माग, समस्त साधनको पर्यवसान मेरो दर्शन मैं छ। तिमी किंकर्तव्यविमूढ भएको वेला जो आदेश दिएँथे त्यो तपको म आत्मा मात्र हैन त्यसै द्वारा म विश्व सृष्टि, धारणा एवं संहार गर्दछु।" ब्रह्माले भने—हजुर समस्तका अन्तस्करणमा विराजमान होइवक्सनुको कारण आफ्नो अप्रतिहत ज्ञान द्वारा जान्नु भएकैछ-मेरो के चाहना छ? प्रभो! याचकको माग पुरा हुन्छ भने—अरूपी हजुरको

सगुण—निर्गुण दुवै रूपलाई म जान्न सकौं साथै हजुर मायाको आश्रय लिएर माकुरो झैं जो क्रीड़ा गर्नुहुन्छ त्यो मर्म मलाई खुलोस्। सावधान एवं सजग भएर सेवा गर्दा कर्तापनको अभिमानले म न बाँधिऊँ। मित्र वन्न म कुनै हालतमा योग्य थिइन ता पनि मित्रको समान हात पक्रेर जो कृपा प्रदान गर्नुभो त्यो भुलेर कहीं सृष्टि विभाजनको बेला आफू-लाई जन्म कर्म देखि स्वतन्त्र ईश्वर मान्दछु कि ? त्यो नहोस्। यो कुराको ठूलो भय छ नाथ ! आशिर्वाद पाऊँ।"

भगवान् आज्ञा हुन्छ—अनुभव, प्रेमाभक्ति एवं साधनहरूले युक्त अत्यन्त गोपनीय आफ्नो स्वरूपको जो ज्ञान हो त्यो म तिमीलाई प्रदान गर्दछु। जति मेरो विस्तार एवं लक्षण, रूप, लीलाहरू छन् ती ठीक ठीक तिमी अनुभव गर। सृष्टिको पहिले केवल म थिएँ मेरो अतिरिक्त न स्थूल थियो न सूक्ष्म, न दुवैको कारण अज्ञान। सृष्टिको रूपमा जो प्रतीत भैरहेछ त्यो र पछि जो बच्दछ त्यो मै हुँ। वास्तवमा नभएर पनि जो कुछ वस्तु म देखि अतिरिक्त म परमात्मामा दुइ वटा चन्द्रको तरह मिथ्या प्रतीत भैरहेछ, अथवा विद्यमान भएर पनि नक्षत्रहरूमा राहुको भाँति मेरो प्रतीति हुदैन त्यसलाई तिमी मेरी माया भन्ठान। छोटो वड़ो शरीरमा पंचमहाभूत कार्य रूपले प्रवेश गर्ने र पहिले देखि नै ती स्थान एवं रूपमा कारण रूपले विद्यमान रहँनुको हेतु प्रवेश नगर्ने पनि हुन्। त्यस्तै शरीरको दृष्टिले म प्राणीमा आत्माको रूपले प्रवेश छु औ आत्मदृष्टिवाट आफू अतिरिक्त कुनै वस्तु नहुनुको हेतु कहाँ प्रवेश हुनु ? 'यो ब्रह्म हैन, यो ब्रह्म हैन' यो प्रकार निषेधको पद्धतिले र 'यो ब्रह्म हो यो ब्रह्म हो' यो अन्वय पद्धतिले पनि

यही सिद्ध हुन्छ कि—सर्वातीत एवं सर्व स्वरूप प्रभु सर्वदा एवं सर्वत्र हुनुहुन्छ। यो नै वास्तविक तत्व र जान्नेको निति यति नै आवश्यक छ। हंसवाहन! अविचल भाव द्वारा यो सिद्धान्तमा निष्ठा नाख्न सक्यौ भने तिमी कुनै कल्पमा पनि मोहित हुने छैनौ।" यति आज्ञा भै इन्द्रिय गोचर स्वरूपलाई जब प्रभुले छिपाउनु भो तब प्रभुलाई नमस्कार गरेर पहिलेका कल्पमा जस्तो थियो त्यही रूपको यो विश्व रचना गरेका हुन्। एक वार सारा प्रजाका कल्याणको लागि ब्रह्माजीले यम नियम पालन गरेको वेला विनय एवं सौम्यताले अनुगत भै नारदजीले सेवा गरे द्वारा यो दश लक्षणले युक्त भागवत ब्रह्माजीले प्रियपुत्रलाई उपदेश गरेको हो जो स्वयं भगवान वासुदेववाट आपूले पाएथे। पछि जसलाई पिता व्यासज्यूले श्री नारदवाट पाउनु भयो भन्ने कुरा०।

## दशौं अध्याय

शुकदेव भन्दछन्— भागवतका दश विषयमा दशौं आश्रय तत्वको ठीक ठीक निश्चय गर्न कहीं श्रुतिद्वारा, कहीं तात्पर्य एवं दुवैको अनुकूल अनुभव द्वारा महात्माहरूले अरू नौ विषयको अत्यन्त सुगम रीतिले वर्णन गरेका छन्। ईश्वरको प्रेरणा द्वारा गुणमा क्षोभ भएर रूपान्तर हुँदा आकाशादि पंचमहाभूत, शब्दादि तन्मात्रा, इन्द्रिय, अहंकार एवं महत्तत्वको जो उत्पत्ति हुन्छ त्यो 'सर्ग' हो। विराट् पुरुषवाट जन्मेका ब्रह्माजी द्वारा जो विभिन्न सृष्टिको निर्माण हुन्छ त्यो 'विसर्ग' कहिन्छ। प्रतिपद नाश तिर वढ्ने सृष्टिलाई मर्यादामा स्थिर राख्नु पर्दा विष्णुको जो श्रेष्ठता सिद्धहुन्छ त्यसको नाम 'स्थान' हो। भक्त उपर प्रभुको विशेष कृपा हुनु 'पोषण'

हो। जीवको वासना नै 'ऊति' हो! शुद्ध धर्मको अनुष्ठान नै मन्वन्तर हो। प्रेमी भक्तको आख्यान युक्त गाथा "ईशानुकथा" हो। जव प्रभु शक्तिहरू समेटेर शयन गर्नुहुन्छ त्यसको नाम 'निरोध' हो। अज्ञान कल्पित कर्तृत्व, भोक्तृत्व आदि अनात्म भावको परित्याग गर्दै आफ्नो वास्तविक स्वरूपमा स्थित हुनु 'मुक्ति' हो। चराचरको उत्पत्ति प्रलय जुन तत्व-बाट प्रकाशित हुन्छन् त्यो परम ब्रह्म नै 'आश्रय' र वहाँ-लाई नै परमात्मा भन्दछन्। जो नेत्र आदि इन्द्रियको अभिमानी द्रष्टा जीव हो, इन्द्रियको अधिष्ठात्री सूर्य आदिको रूपमा पनि त्यै छ। जो नेत्र गोलक आदिले युक्त दृश्य देह छ त्यै ती दुइलाई अलग अलग पनि गरिदिन्छ। यी तिनमा एकको मात्र अभाव होस् त अरू दुइको उपलब्धि हुन सक्तैन। जो यी तिनलाई जान्दछ त्यो परमात्मा नै सबको अधिष्ठान एवं आश्रय तत्व हुनुहुन्छ। वहाँलाई कुनै आश्रयको आवश्यक छैन। जब विराट् पुरुष ब्रह्माण्ड फोरेर निक्ले तव उनले रहने स्थान खोज्दै पवित्र जलको सृष्टि गरे। नरवाट उत्पन्न हुनाले पानीलाई नार र उसमा एक हजार वर्ष वसेको हुँदा उनको नाम 'नारायण' भयो। जसको कृपा विना द्रव्य, कर्म, काल, स्वभाव एवं जीव आदिको अस्तित्व रहँदैन। योगनिद्राबाट जागेपछि अनेक हुने इच्छाले ब्रह्माण्डको वीज रूप आफ्नो सुवर्ण मय वीर्यलाई वहाँले तीन भागमा विभक्त गर्नु भयो जसको नाम हो— अध्यात्म, अधिदैव, अधिभूत। हलचल गर्दा शरीर भित्रका आकाशबाट इन्द्रियवल, मनोवल एवं शरीरवल उत्पत्ति भए यी बाटै यी सवका राजा प्राण उत्पन्न भए जसको पछाड़ि सारा

इन्द्रिय लाग्दछन्। प्राण जोड़ले आउँन जान लागेपछि जब विराट्लाई भोक प्यासको अनुभवले खाने पिउने इच्छा उठ्यो तब मुख र मुखबाट तालु, तालुबाट रसनेन्द्रिय औ अनेक रस उत्पन्न भए। बोल्ने ईच्छा हुने वित्तिकै वाक्–इन्द्रिय, उसको अधिष्ठात्री अग्निदेवता एवं तिनको विषय बोल्नु यी तिन प्रकट भए। यसपछि धेरै दिन तक विराट् पानीमै रोकिए जब श्वासको वेगले नासिका छिद्र प्रकट भै सुँघ्ने इच्छा भो तब नाक, घ्राणेन्द्रिय, आएर बसे औ त्यसको देवता गन्ध फैलाउने वायुदेव प्रकट भए। प्रथम शरीरमा प्रकाश थिएन जब उनलाई आफू र दोस्रो वस्तु देख्ने इच्छा भो तब नेत्रको छिद्र, अधिष्ठाता सूर्य, औ नेत्रेन्द्रिय प्रकट भए। वेदरूप ऋषिहरूले विराट्को स्तुति गर्दै जगाउँन थाले पछि उनलाई सुन्ने इच्छा भो र कान, अधिष्ठात्री दिशाहरू एवं श्रोत्रेन्द्रिय बनेका हुन्। जब उनलाई कोमलता, कठिनता, आदि जान्ने चाहभो तब शरीरमा चर्म र चर्ममा रोम एवं त्यसको भित्र बाहिर रहने वायु भए साथसाथै त्वचा इन्द्रिय पनि शरीरको चारै तिर लिपटियो जसद्वारा स्पर्शको अनुभव हुन्छ। कर्म गर्ने इच्छा भएपछि हात, ग्रहण गर्ने शक्ति, हस्तेन्द्रिय, अधिष्ठाता इन्द्र एवं दुबैको आश्रयबाट हुने ग्रहणरूप कर्महरू पनि प्रकट भए। अभीष्ट स्थानमा जान इच्छा भएपछि चरणको साथ चरणेन्द्रियका अधिष्ठाताको रूपमा वहाँ स्वयं यज्ञ पुरुष भगवान् विष्णुनै स्थित हुनुभो यहाँबाट हिड्नु कर्म प्रकट भएको हो। राजन्! मनुष्यलाई चरण प्रदान गरेको केवल यज्ञ सामग्री एकत्रित गर्न हो। सन्तान, रति एवं स्वर्गभोगको कामना हुँदा लिंग र उसमा उपस्थेन्द्रिय, प्रजापति एवं यी दुइको आश्रय

रहने कामसुखको आविर्भाव भएको हो। मलत्यागको इच्छा हुनासाथ गुदद्वार, उसमा पायु इन्द्रिय, मित्र देवता भए यी दुइ द्वारा नै मलत्यागको क्रिया हुन्छ। अपान मार्ग द्वारा अर्को शरीरमा जाने इच्छा हुँदा नाभिद्वार र उसबाट अपान एवं मृत्यु देवता प्रकट भए यिनै दुइको आश्रयले नै प्राण एवं अपानको विछोट अर्थात् मृत्यु हुन्छ। जब उनलाई अन्न जल भर्ने इच्छा भयो तब कोखा आन्द्रा नाड़िहरूको साथ नदी समुद्र र तुष्टि पुष्टि औ तिनका आश्रित विषयहरू उत्पन्न भए। जब आफ्नो माया तर्फ विचार गर्ने इच्छा उठ्यो तब हृदय र उसबाट मन, मनबाट चन्द्रमा तथा विषय वासना एवं संकल्प प्रकट भए। विराट् पुरुषको शरीरमा पृथ्वी जल तेज द्वारा त्वचा, चर्म, मांस, रूधिर, मेद, मज्जा, अस्थि यी सात धातु र यसै प्रकार आकाश, जल, वायु द्वारा प्राणहरू उत्पत्ति भए। श्रोत्रादि इन्द्रियहरू शब्दादि विषय ग्रहण गर्न र ती विषय अहंकारबाट उत्पन्न हुन्छन्। मन समस्त विकारको उत्पत्ति स्थान र बुद्धि समस्त पदार्थलाई बोध गराउने हो। मैले भगवान्को स्थूल जसलाई पृथ्वी, जल, तेज, वायु, आकाश, अहंकार, महत्तत्व एवं प्रकृति यी आठ आवरण ले बाहिर बाटै घेरेकोछ त्यो स्वरूपको र सूक्ष्म स्वरूपको पनि बयान गरें राजन्! माया रचित हुनाले यी दुवै रूपलाई महापुरुषहरू स्वीकार गर्दैनन्। वास्तवमा भगवान् निष्क्रिय हुनुहुन्छ ता पनि आफ्नो शक्तिले नै वहाँ सक्रिय बन्दै ब्रह्मा या विराट् रूप लिएर वाच्य एवं वाचक शब्द तथा उसका अर्थको रूपमा प्रकट हुँदै अनेक नाम, रूप क्रियाहरू स्वीकार गर्नहुन्छ। चर अचर दुइ प्रकारको र जरायुज, अंड़ज, स्वेदज,

विद्यापीठपुस्तकालयः

उद्भिज वा प्रकृति ... ती सब शुभ अशुभ मि... ...ल हुन्। सत्व प्रधानले देवता, रज प्रध... ...नतिर्यि... प्रधानल नारकीय योनि र यी गुणहरूमा पनि जब एक गुण—अरू दुइ गुणले अभिभूत हुन्छन् तब प्रत्येक गतिको तीन तीन भेद अरू हुन्छन्। धारण पोषणलाई धर्ममय विष्णु र प्रलयलाई रूद्रको रूपलिने अचिन्त्यैश्वर्य भगवान्को बयान महात्माहरूले यसरी गरेको छतापनि परम प्रेमीहरू केवल सृष्टि पालन, संहार गर्ने रूपमा वहाँको दर्शन गर्न चाहँदैनन किन भने प्रभु ता यो देखि एकदम पर हुनुहुन्छ। सृष्टि रचना आदि कर्मको निरूपण गरेर परिपूर्ण प्रभुसँग कर्म या कर्तापनको सम्बन्ध जोडेको छैन त्यो त केवल मायाले आरोपित हुनुको कारण कर्तृत्वको निषेध गर्न मात्र हो।

यो मैले ब्रह्माजीको महाकल्प, अवान्तर कल्पको साथ बयान गरें। सब कल्पमा सृष्टि क्रम एकै नास भएर पनि अन्तर यत्ति छ। महाकल्पको आरम्भमा प्रकृतिबाट क्रमशः महत्तत्वादिको उत्पत्ति हुन्छ। कल्पको शुरूमा चाहिं प्राकृतिक सृष्टि ज्यों का त्यों रही चराचर प्राणीको वैकृत सृष्टि चाहिं नवीन रूपबाट चल्दछ। कालको परिणाम कल्प एवं उसको अन्तरगत मन्वन्तरको वर्णन पछि गरौंला, राजन्! अब तिमी पाद्म कल्पको वर्णन सावधानी सँग सुन। सूतजी! तपाईंले भन्नु भएको थियो कि—तीर्थ यात्रा गरेको बेला विदुरजीले मैत्रेयबाट तत्वको उपदेश पाए, त्यो कुन तत्व हो? फेरि दुस्त्यज बन्धुलाई पहिले छाडेर किन उनी घरफर्के? यो सब कुरा सुन्न पाऊँ भनी शौनकादिहरूले सोद्धा शुकले राजा परीक्षितलाई भैं उत्तर सूतजी (तृतीय स्कन्धमा) दिन्छन् भन्ने कुरा०।

# भागवतका
## केही अमर भावहरु

१– ज्ञान, भक्ति, धर्मको निष्पाले पनि मृत्युको वेला भ
स्मृति भएन भने जन्म लिएकै के लाभ ?

२– निर्भय पदको चाहना यदि पक्का हो भने चाहे
साधक हुन् चाहे योग सम्पन्न ज्ञानी तिनले भगव
ओत लिनुपर्दछ । यो समस्त शास्त्रको निचोड निर्णय

३– प्रमत्त अर्थात् आत्म समर्पण विनाको तँ तेरो म मे
भनी विल्ने लम्बे आयु भन्दा आत्म स्मृतिले गएको
घडिनै मोक्षलाई पर्याप्त छ ।

४– छलछाम छाडी सर्वस्वमात्र होइन आफ्नो आत्मालाई
प्रभुको चरणमा निछावर गर्नेलाई प्रभु दयागर्छ त्यस्ताको
लक्षण कुत्ता श्यालको अहारा देह गेह आदिमा ममता
हटेकोवाट थाह हुन्छ ।

५– श्रद्धाले सुनेको कृष्ण कथाले कानवाट भित्र पसेर
पापलाई यसरी मेट्दछ मानो शरत ऋतुले पानील

हिमालय प्रेस, वम्बहाल टोल, काठमाडौं ।